# रैथानेबाली प्रवर्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०

(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/०५/१८)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा परम्परागतरुपमा सदियौंदेखि कृषकले खेती गर्दै आएका रैथाने बालीहरु (जस्तैः कोदो, जौ, फापर, उवा, कागुनो, जुनेलो, चिनो, लट्टे, सिमी आदि) को संरक्षण तथा सम्बर्द्धनका लागि वैज्ञानिक खेती प्रणाली र प्रविधिको अवलम्बन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि जैविक विविधता प्रवर्धन तथा खाद्य र पोषण सुरक्षामा टेवा पुऱ्याउने उद्देश्यले रैथानेबाली प्रवर्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस मापदण्ड बमोजिम रैथानेबाली प्रवर्धन आयोजना अन्तर्गतका देहायका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

(अ) रैथानेबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम,

(आ) रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रम,

(इ) रैथानेबाली उत्पादन तथा संरक्षण सम्बन्धी स्थलगत तालिम।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | रैथानेबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | प्रतिबाली तराईमा ३० रोपनी, पहाडमा २० रोपनी, उच्च पहाडमा १० रोपनी | कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा सञ्चालन हुने |
| २. | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |
| ३. | रैथानेबाली उत्पादन तथा संरक्षण सम्बन्धी स्थलगत तालिम | - | रैथानेबाली उत्पादन, प्रशोधन तथा बजारीकरण कार्य सञ्चालन भएका स्थानमा सम्बन्धित कार्यालयले सञ्चालन गर्ने |

(ग) रैथानेबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रमबाट रैथानेबालीको बीउ उत्पादन; बीउ खरिद तथा व्यवस्थापन; रैथानेबालीको प्रोफाईल तयारी; सिँचाइ पूर्वाधार निर्माण तथा व्यवस्थापन; मेसिनरी औजार तथा यन्त्र उपकरण खरिद; बाली संरक्षण; बीउ तथा बालीको प्रशोधन, भण्डारण लगायत

उत्पादनोपरान्त व्यवस्थापन; लेबलिङ, प्याकेजिङ, उत्पादन विक्री कक्ष निर्माण तथा बजार प्रवर्धन; परिकार विविधीकरण; स्थलगत तालिम तथा क्षमता अभिवृद्धि लगायतका प्रवर्धनात्मक कार्यहरू सञ्चालन गर्न सकिनेछ।

(घ) रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रमबाट भण्डार गृह निर्माण तथा सामग्री खरिद, बिक्री स्थल तथा कोशेली घर निर्माण, प्रशोधन गृह निर्माण तथा मेसिनरी औजार खरिद, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ लगायतका बजार प्रवर्धन सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(ङ) रैथानेबाली उत्पादन तथा संरक्षण सम्बन्धी स्थलगत तालिम सञ्चालन गर्दा रैथानेबालीको प्रमुख उत्पादन क्षेत्रलाई प्राथमिकीकरण गरी सञ्चालन गर्नुपर्नेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत बजेटको परिधिभित्र रही देहायका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|
| १. | रैथानेबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचासी प्रतिशत |
| २. | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ३. | रैथानेबाली उत्पादन तथा संरक्षण सम्बन्धी स्थलगत तालिम | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |

**३. प्रस्ताव मूल्याङ्कनका आधारः**

**(क) रैथानेबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **खेती गर्ने क्षेत्रफल** (वर्षमा एक भन्दा बढी बाली खेती गर्ने भएमा सोही अनुपातमा सघनता हेरी क्षेत्रफल गणना गर्ने) | **५०** |
| क) | बुँदा १ (ख) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | २५ |
| ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा २५ अंक प्रदान गरी प्रति १० प्रतिशत थप क्षेत्रफलका लागि १ अंकका दरले थप गरी अधिकतम ५० अंकसम्म प्रदान गर्ने | ५० |
| **२.** | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा रैथानेबाली उत्पादन सम्बन्धी कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको | ७ |
| **३.** | **बाली उत्पादन हुने जगगाको अवस्थिति** | **२०** |

| | | |
|---|---|---|
| क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० |
| | नोटः बुँदा ३ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी १०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| ४. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अंक प्रदान गर्ने) | **२०** |
| | **जम्मा** | **१००** |

**(ख) रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| **१.** | **प्रशोधनको लागि कच्चा पदार्थको उपलब्धता** | **३०** |
| क) | आफैले उत्पादन गर्ने | ३० |
| ख) | सम्बन्धित स्थानीय तहमा उत्पादन हुने | २५ |
| ग) | अन्य क्षेत्रबाट आयात गर्नुपर्ने | १५ |
| **२.** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **२०** |
| क) | ३ जना वा सो भन्दा कम | १० |
| ख) | ३ जना भन्दा बढी रोजगारी सिर्जना हुने भएमा १० अंक प्रदान गरी थप एक जनाको रोजगारी सिर्जना बापत १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **३.** | **उत्पादित वस्तुको बजार** | **१०** |
| क) | बजारको सुनिश्चितता भएको र यस अघि नै बजारीकरण गर्ने गरेको | १० |
| ख) | बजार खोज्नुपर्ने | ५ |
| **४.** | **उद्यमको स्थिति** | **१०** |
| क) | नयाँ स्थापना | १० |
| ख) | पुरानो उद्यमको क्षमता विस्तार | ७ |
| **५.** | **उद्यमको स्वामित्व** | **१०** |
| क) | कृषक समूह वा सहकारी संस्था | १० |
| ख) | निजी फर्म वा कम्पनी | ७ |
| **६.** | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको। | ७ |
| **७.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि,

(ग) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम ५ वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. खारेजी र बचाउः** "क्लष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम संचालन मापदण्ड, २०७७" खारेज गरिएको छ। उक्त मापदण्ड बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

**६. प्रस्तावको ढाँचा**

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

(क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

(ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदक/कृषकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (मे.टन) | प्रशोधित उपजको अनुमानित उत्पादन परिमाण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ग) कुल अनुमानित उत्पादन

(घ) कुल रोजगारी सृजना

(ङ) कच्चा पदार्थको स्रोतः

(च) सञ्चालन हुने क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(छ) बजार व्यवस्था (बजार व्यवस्थापनको उपाय)

(ज) माग गरेको जम्मा अनुदान रकम रु.

(झ) खेती/संरक्षण गरेको बालीको अवस्था

- खेती गरिएको बालीको संख्या:
- खेती गरिएको बालीको नाम:

(झ) अन्य व्यवसायिक योजना

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/ प्रविधि भए उल्लेख गर्नुहोस )

- अन्य केही विषय भए उल्लेख गर्नेः